जगदुल्ला गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश

आ.व.: २०८१/०८२ मितिः२०८२/०३/१० ने.सं.: ११४६५

## निर्णय उतार

आज मिति २०८२/०३/१० गते मंगलबारका दिन दिनको ११:०० बजे जगदुल्ला गाउँपालिकाको कार्यालयमा गाउँपालिका अध्यक्ष **श्री नारासिं रोकाया**ज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको बैठकबाट देहायबमोजिम निर्णय भएको व्यहोरा प्रमाणित गरिन्छ।

प्रस्ताब नं. १ आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम स्वीकृति गर्ने सम्बन्धमा सम्बन्धमा ।

प्रस्ताब नं. २ बिनियोजन ऐन २०८२ स्वीकृति गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. ३ आर्थिक ऐन २०८२ स्वीकृति गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. ४ आर्थिक वर्ष २०८२/०८३ को बजेट तथा कार्यक्रम स्वीकृति गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. ५ खर्च र निर्णय समर्थन तथा अनुमोदन गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. ६ करार नियुक्ति तथा म्याद थप गर्ने सम्बन्धमा ।

स्ताब नं. ७ बैठक भत्ता,फिल्ड भत्ता र प्रोत्साहान भत्ता मासिक रुपमा उलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताब नं. ८ अधिकार प्रत्यायोजन गर्ने सम्बन्धमा ।

प्रस्ताब नं ९ आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्व ऐन २०८२ पारित सम्बन्धमा ।

प्रस्ताब नं १० मध्यमकालिन खर्च संरचना अध्यावधिक सम्बन्धमा ।

प्रस्ताब नं ११ शिक्षक दरबन्दि सम्बन्धमा ।

प्रस्ताब नं. १२ महालेखा परीक्षकको अन्तिम लेखापरीक्षणको प्रतिवेदन आ व २०८०।०८१ को दफा १५.२ को बेरुजु नियमित गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. १३ महालेखा परीक्षकको अन्तिम लेखापरीक्षणको प्रतिवेदन आ व २०८०।०८१ को दफा १७.३ को बेरुजु नियमित गर्ने सम्बन्धमा ।

प्रस्ताब नं. १४ महालेखा परीक्षकको अन्तिम लेखापरीक्षणको प्रतिवेदन आ व २०८०।०८१ को दफा १७.४ को बेरुजु नियमित गर्ने सम्बन्धमा

प्रस्ताब नं. १५ महालेखा परीक्षको प्रतिवेदन आ व २०७६।०७७ को दफा ३४ को प्रमाण पेश गर्नुपर्ने बेरुजु नियमित गर्ने सम्बन्धमा ।

निर्णय नं.१ प्रस्ताब नं १ मा छलफल गर्दा कार्यपालिकाबाट पेश हुन आएको आ.व. २०८२।०८३ को वार्षिक नीति तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्बसहमतिले पारित गरियो।

निर्णय नं.२ प्रस्ताब नं २ मा छलफल गर्दा जगदुल्ला गाउपालिकाको विनियोजन विधेयक, २०८२ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम स्वीकृत गर्ने निर्णय सर्बसहमतिले पारित गरियो।

"कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार जगदुल्ला गाउँपालिकाको दिगो विकासको आधार"
Email: info@jagdullamun.gov.np/ito.jagdullamun@gmail.com
Website: https://jagdullamun.gov.np | Phone No: 9849305462
7MX44HF9+QP

नि. प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं. ३ प्रस्ताव नं ३ मा छलफल गर्दा जगदुल्ला गाउपालिकाको आर्थिक विधेयक, २०८२ नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम स्वीकृत गर्ने निर्णय सर्बसहमतिले पारित गरियो।

निर्णय नं.४ प्रस्ताब नं ४ मा छलफल गर्दा जगदुल्ला गाउँपालिकाको आ.व. २०८२।०८३ बजेट तथा कार्यक्रम स्वीकृत गर्ने निर्णय सर्बसहमतिले पारित गरियो ।

निर्णय नं. ५ प्रस्ताब नं ५ माथि छलफल गर्दा यस जगदुल्ला गाउँपालिकाको आ.ब २०८१/२०८२ को हालसम्म भएका सम्पूर्ण शीर्षक उप-शिर्षकहरुको खर्चहरु तथा कार्यपालिकाबाट भए गरेका सम्पुण निर्णयहरु अनुमोदन तथा समर्थन गर्ने निर्णय सर्बसहमतिले परित गरियो |

निर्णय नं. ६ प्रस्ताब न ६ माथि छलफल गर्दा यस गाउँपालिका र गाउँपालिका मातहतका सम्पुण निकायामा करारमा तथा ज्यालादारीमा कार्यरत करार तथा अस्थाई पदमा,कार्यरत कर्मचारीहरुको आर्थिक बर्ष २०८२/०८३ सम्मका लागि म्याद थप गर्ने निर्णय सर्बसहमतिले पारित गरियो ।

निर्णय नं. ७ प्रस्ताब नं ७ माथि छलफल गर्दा यस गाउँपालिकाको कार्यलिय,कार्यपालिका,गाउँसभामा पदाधिकारी र कर्मचारहरु बैठक बसेबापत रु १५०० प्रति बैठक दरले बैठक भत्ता उपलब्ध गराउने र बढीमा ३ जना सम्म सहायक र सहयोगी कर्मचारीले पनि सोहि अनुसारको बैठक भत्ता उपलब्ध गराउने र गाउँपालिका अन्तर्गत पुर्बाधार शाखा,कृषि तथा पशु शाखामा कार्यरत प्राविधिक तथा अन्य प्रशासनिक कर्मचारिहरु अधिकृत स्तर भए ११०००।सहायक स्तर पाँचौ ८०००। सहायकस्तर चौथोलाई ६०००।मासिक रुपमा फिल्ड भत्ता प्रोत्साहान भत्ता उपलब्ध गराउने निर्णय सर्वसहमतिले पारित गरियो ।

निर्णय नं. ८ प्रस्ताब नं ८ माथि छलफल गर्दा यस गाउँपालिकाबाट शिर्षकगत रुपमा पारित कार्यक्रम तथा बजेटलाई क्रियाकलापगत रुपमा बिभाजन गरि बजेट बाँडफांड गर्नुपर्ने देखीएमा कार्यक्रम तथा बजेटलाई क्रियाकलापगत रुपमा बिभाजन गरि बजेट बाँडफांड गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने, जगदुल्ला गाउँपालिकालाई संबिधान तथा प्रचलित कानुन अनुसार प्राप्त हुने रकमको चालु वा पुँजीगत कार्यक्रम बनाई रकम बिनियोजन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने, साथै जगदुल्ला गाउँपालिकाकालाई प्राप्त हुने कुनै पनि एकमुस्ट शसर्त वा अन्य कुनै शिर्सकको रकम स्वीकृति कार्यक्रम ,योजना हेरफेर नहुने गरि निर्धारित समय सिमा भित्र गुर्णस्तरीय रुपमा काम सम्पन्न गर्नका लागि प्राप्त अनुदानलाई बाँडफांड गरि योजना संचालन गर्ने अधिकार गाउँकार्यपालिकालाई प्रत्यायोजन गर्ने निर्णय सर्वसहमतिले पारित गरियो र यसरि एकमुस्ट रकमलाई बाँडफांड गरि विभिन्न प्याकेजमार्फत योजना संचालन गर्दा योजनाको गुर्णस्तरीय कायम गर्ने दायीत्व गाउँकार्यपालिकाको संदस्यहरुको हुनेछ भनि अधिकार गाउँ कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।



नि. प्रमुख प्रशासकिय अधिकृत

निर्णय नं ९ प्रस्ताव नं ९ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्व ऐन २०८२ सर्व सहमतिले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं १० जगदुल्ला गाउँपालिकाको मध्यमकालिन खर्च संरचना अध्यावधिक गरि स्विकृत गर्ने निर्णय गरियो ।

निर्णय नं ११ प्रस्ताव नं ११ माथि छलफल यस गाउँपालिका अन्तर्गत का सामुदायीक बिधालयहरुमा आवश्यक पर्ने माध्यमिक तहका २ र आधारभुत तहका २ वटा बिधालयहरुमा शिक्षक दरबन्दि स्विकृतको लागि कार्यपालिकाबाट पेश हुन आएको प्रस्ताब स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १२** :प्रस्ताब नं १२ माथि छलफल गर्दा महालेखा परिक्षकको आ.ब. ०८०।०८१ को बार्षिक प्रतिवेदन अनुसार जगदुल्ला गाउँपालिकाको नाममा दफा १५.२ मा कायम भएको बेरुजु सम्बन्धमा यस गाउँपालिकाको लेखा समितिबाट मिति २०८२।०१।२१ गते नियमित गरि फछ्र्यौटको लागि पेश हुन आएको उक्त दफामा कायम भएको बेरुजु रकम रु ४,३१,१५४। नियमित गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय माइन्यूट, अन्य कागजात तथा प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षमा बजेट खर्च तथा कार्यान्वयन गर्ने कार्यलाई प्रचलित कानुन बमोजिम मितव्यायी, पारदर्शि र प्रभावकारी बनाई प्रचलित नियमसम्मत नभएको खर्च गर्ने कार्यलाई नियन्त्रण गर्न मातहतका सबै विषयगत शाखा, विषयगत समिति र गाउँ कार्यपालिकालाई निर्देशन दिदै महालेखा परिक्षकको लेखापरिक्षणको प्रतिवेदन आ.ब.२०८०।०८१ को दफा १५.२ बेरुजु रकम ४,३१,१५४।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्य नियमावलि २०७७ को दफा ८९ को उपदफा ८ र दफा ९१ को उपदफा १ बमोजिम नियमित गर्ने निर्णय पारित गरियो ।

**निर्णय नं १३** :प्रस्ताब नं १३ माथि छलफल गर्दा महालेखा परिक्षकको आ.ब. ०८०।०८१ को बार्षिक प्रतिवेदन अनुसार जगदुल्ला गाउँपालिकाको नाममा दफा १७.३ मा कायम भएको बेरुजु सम्बन्धमा यस गाउँपालिकाको लेखा समितिबाट मिति२०८२।०१।२१ गते नियमित गरि फछ्र्यौटको लागि पेश हुन आएको उक्त दफामा कायम भएको बेरुजु रकम रु ५,००३,९१। नियमित गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय माइन्यूट, अन्य कागजात तथा प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षमा बजेट खर्च तथा कार्यान्वयन गर्ने कार्यलाई प्रचलित कानुन बमोजिम मितव्यायी, पारदर्शि र प्रभावकारी बनाई प्रचलित नियमसम्मत नभएको खर्च गर्ने कार्यलाई नियन्त्रण गर्न मातहतका सबै विषयगत शाखा, विषयगत समिति र गाउँ कार्यपालिकालाई निर्देशन दिदै महालेखा परिक्षकको लेखापरिक्षणको पप्रतिवेदन आ ब २०८०।०८१ को दफा १७.३ बेरुजु रकम ५,००,३९१। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्य नियमावलि २०७७ को दफा ८९ को उपदफा ८ र दफा ९१ को उपदफा १ बमोजिम नियमित गर्ने निर्णय पारित गरियो ।


Email: info@jagdullamun.gov.np/ito.jagdullamun@gmail.com
Website: https://jagdullamun.gov.np | Phone No: 9849305462
7MX44HF9+QP

नि. प्रमुख प्रशासकिय अधिकृत

जगदुल्ला गाउपालिका
# गाउँकार्यपालिकाको कार्यालय
माझगाउँ, डोल्पा
कर्णाली प्रदेश

निर्णय नं १४ :प्रस्ताव नं १४ माथि छलफल गर्दा महालेखा परिक्षकको आ.व. ०८०।०८१ को वार्षिक प्रतिवेदन अनुसार जगदुल्ला गाउँपालिकाको नाममा दफा १७.४ मा कायम भएको बेरुजु सम्बन्धमा यस गाउँपालिकाको लेखा समितिबाट मिति२०८२।०१।२१ गते नियमित गरि फर्छ्यौटको लागि पेश हुन आएको उक्त दफामा कायम भएको बेरुजु रकम रु ९,१३,६८८। नियमित गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय माइन्यूट, अन्य कागजात तथा प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षमा बजेट खर्च तथा कार्यान्वयन गर्ने कार्यलाई प्रचलित कानुन बमोजिम मितव्यायी, पारदर्शि र प्रभावकारी बनाई प्रचलित नियमसम्मत नभएको खर्च गर्ने कार्यलाई नियन्त्रण गर्न मातहतका सबै विषयगत शाखा, विषयगत समिति र गाउँ कार्यपालिकालाई निर्देशन दिँदै महालेखा परिक्षकको लेखापरिक्षणको पप्रतिवेदन आ.व २०८०।०८१ को दफा १७.४ बेरुजु रकम ९,१३,६८८। आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्य नियमावलि २०७७ को दफा ८९ को उपदफा ८ र दफा ९१ को उपदफा १ बमोजिम नियमित गर्ने निर्णय पारित गरियो । नियमित गर्ने निर्णय पारित गरियो ।

निर्णय नं १५ :प्रस्ताव नं १५ माथि छलफल गर्दा महालेखा परिक्षकको आ.व. ०७६।०७७ को वार्षिक प्रतिवेदन अनुसार जगदुल्ला गाउँपालिकाको नाममा दफा ३४ मा कायम भएको बेरुजु सम्बन्धमा यस गाउँपालिकाको लेखा समितिबाट मिति२०८२।०१।२१ गते नियमित गरि फर्छ्यौटको लागि पेश हुन आएको उक्त दफामा कायम भएको बेरुजु रकम रु ३,४६,७४७। नियमित गर्नका लागी गाउँसभामा पेश गर्ने निर्णय माइन्यूट, अन्य कागजात तथा प्रतिवेदनका आधारमा आगामी आर्थिक वर्षमा बजेट खर्च तथा कार्यान्वयन गर्ने कार्यलाई प्रचलित कानुन बमोजिम मितव्यायी, पारदर्शि र प्रभावकारी बनाई प्रचलित नियमसम्मत नभएको खर्च गर्ने कार्यलाई नियन्त्रण गर्न मतहतका सबै विषयगत शाखा, विषयगत समिति र गाउँ कार्यपालिकालाई निर्देशन दिँदै महालेखा परिक्षकको लेखापरिक्षणको पप्रतिवेदन आ.व.२०७६।०७७ को दफा ३४ बेरुजु रकम ३,४६,७४७।आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदाहित्य नियमावलि २०७७ को दफा ८९ को उपदफा ८ र दफा ९१ को उपदफा १ बमोजिम नियमित गर्ने निर्णय पारित गरियो । नियमित गर्ने निर्णय पारित गरियो ।

उक्त निर्णय गाउँ कार्यपालिकाको निर्णय पुस्तिकामा रहेको सक्कल निर्णयसँग दुरुस्त रहेको व्यहोरा प्रमाणित गरिन्छ।

प्रमाणित गर्ने

खगेन्द्र ऐडी

नि. प्रमुख प्रशासकीय अधिकृत

"कृषि, रोजगार, शिक्षा, स्वास्थ्य, पर्यटन र पूर्वाधार जगदुल्ला गाउँपालिकाको दिगो विकासको आधार"
Email: info@jagdullamun.gov.np/ito.jagdullamun@gmail.com
Website: https://jagdullamun.gov.np | Phone No: 9849305462
7MX44HF9+QP